

# "बालबालिका राष्ट्रिय गौरव हुन्"

## संक्षिप्त परिचय पुस्तिका



# 'बालबालिका राष्ट्रिय गौरव हुन्'

**संक्षिप्त परिचय पुस्तिका**

## पृष्ठभूमि

मानव जीवनमा बाल्यकालको महत्व दर्शाउन र उनीहरूको सर्वाङ्गिण विकासको प्रत्याभूतिका लागि मानव सभ्यताको शुरूआत देखि नै विभिन्न प्रयासहरू भएको पाइन्छ । परम्परादेखि 'बालबालिका भावी कर्णधार हुन्' भन्दै उनीहरू नै मानव जीवनका आरम्भ हुन् र उनीहरूले नै मानव विकासलाई निरन्तरता दिने भएकाले उनीहरूलाई उच्च प्राथमिकतामा राख्नु पर्दछ भन्ने मान्यता राख्यौं । कल्याणकारी दृष्टिकोणबाट बालबालिकालाई हेरिने परिवेशमा भनिएको सो कुरालाई परिमार्जन गर्दै यतिबेर बालअधिकारमुखी दृष्टिकोणबाट हामी बालबालिका 'भोलिका भविष्य मात्र होइनन्, आजका वर्तमान पनि हुन्' भनिरहेका छौं ।

यसरी बालअधिकारमुखी दृष्टिकोणबाट समाज र सामाजिक विकासमा बालबालिकालाई उच्च प्राथमिकतामा पार्नका लागि निरन्तर प्रयास गर्ने क्रममा हामीले विभिन्न कालखण्डमा समयसापेक्ष विभिन्न अभियानहरू सञ्चालन गरिआएका छौं । यसक्रममा बालश्रम शोषण विरूद्धको अभियान, गुणस्तरीय शिक्षाका लागि राष्ट्रिय अभियान, 'बालबालिका शान्ति क्षेत्र हुन्' र 'विद्यालय शान्ति क्षेत्र हुन्' अभियान, बाल तथा किशोरकिशोरी सशक्तीकरण एवम्

सहभागिता प्रवर्द्धन अभियान, बालमैत्री स्थानीय शासन प्रवर्द्धन अभियान लगायतका विभिन्न अभियानहरू क्रियाशील रहेका छन् । यिनीहरू मध्ये कतिपय अभियानहरूले समयक्रममा महत्वपूर्ण उपलब्धी हासिल गर्न सकेका छन् । उठान गरिएका यी विषय वस्तुहरू राज्यको प्राथमिकतामा पर्न सफल पनि भएका छन् भने कतिपय अभियानहरू आशातित सफलताका लागि प्रयत्नशील रहँदै आएका छन् । यसै पृष्ठभूमिमा मानवअधिकार तथा बालअधिकार अभियानमा सर्वस्वीकार्य जस्तै बनिरहेको प्रस्तुत राष्ट्रिय 'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने अवधारणा र अभियान यतिखेर चर्चाको विषय बनिरहेको छ । सामान्यतया मुलुकका राष्ट्रले पहिचान गरेका प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक लगायतका राष्ट्रिय सम्पदासँगको भावनात्मक सम्बन्धलाई राष्ट्रिय गौरव भनिने गरिएको छ । पछिल्लो समयमा देशमा प्रस्तावित तथा संचालित ठूल्ठूला परियोजनाहरूलाई 'राष्ट्रिय गौरवको परियोजना' भन्ने चलन बढेको सन्दर्भमा बालबालिकालाई राष्ट्रिय गौरवका रूपमा प्रस्तुत गरिनु आफैंमा महत्वपूर्ण छ ।

## 'बालबालिका राष्ट्रिय गौरव हुन्' अवधारणाका आधारहरू

कुनै पनि कुरा राष्ट्रिय गौरवको विषय हुनको निम्ति त्यसका केहि विश्वसनीय आधारहरू हुनुपर्दछ । यी आधारहरूमा (१) व्यापक जनसंख्याको हितको दृष्टिकोणले महत्वपूर्ण, (२) आर्थिक दृष्टिकोणले वृद्धि, विकास र न्यायपूर्ण वितरणमा योगदान दिने, (३) सामाजिक दृष्टिकोणले जन–सशक्तीकरण उत्थान गर्ने (४) पर्यावरणीय दृष्टिकोणले प्राकृतिक संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउने, (५) राष्ट्रिय विकासको दृष्टिकोणले दिगो तथा लगानी योग्य हुनु पर्ने जस्ता कुराहरू रहेका छन् । यी आधारहरूसँगै राष्ट्रिय गौरव भनिएको विषय राष्ट्रको हित र मर्यादासँग पनि उत्तिकै गाँसिएको हुनुपर्दछ । वास्तवमा 'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने विषयले माथि उल्लिखित सबै आधारहरू सम्बोधन गर्दछ । त्यसैले, बालबालिकालाई 'राष्ट्रिय गौरव'को रूपमा मान्यता प्रदान गरिनु पर्ने थप आधारहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

## १. बालबालिका जनसंख्याको आधारभूत र महत्वपूर्ण हिस्सा हुन् ।

हाम्रो देशमा बालबालिका जन्मे देखि १८ वर्षको उमेर पूरा नहुञ्जेलसम्मको जनसंख्या झण्डै ३८–४०% रहेको छ । जनसांख्यिक लाभांशको दृष्टिकोणले राष्ट्रको निम्ति यो एउटा सुनौलो अवसर पनि हो । सायद सबै देशहरूले अब यसखाले अवसर पाउन पनि गाह्रो छ । यदि हामीले आजैदेखि हाम्रा घर-परिवार, समुदाय, समाज र राष्ट्र सबैले बालबालिकाको हितको निम्ति भरपर्दो संरक्षण, विकास र सम्वर्द्धन गर्न थाल्यौं भने हामीले हाम्रो देशको सम्वृद्धि वा सम्मुन्नतिको सपना छिट्टै साकार पार्न पनि सक्दछौं । जनसांख्यिक हिसाबले उनीहरू नै देश विकासका बलियो आधार स्तम्भ हुन् भन्ने बुझेर राष्ट्रले निरन्तर लगानी गर्नु पर्दछ ।

## २. बालबालिका माथिको लगानी सबैभन्दा सार्थक र उत्पादनशील हुन्छ ।

विभिन्न अध्ययन तथा अनुसन्धानहरूले कुनै पनि क्षेत्रमा गरिएका लगानीको सबैभन्दा बढी लाभांश फिर्ता पाउन परिवार, समाज र सिङ्गो राष्ट्रलाई सक्षम, सवल र दिगो बनाउनु पर्दछ भन्ने कुराको पुष्टि गरेका छन् । यस मानेमा बालबालिकाको निम्ति भएको लगानीले कम्तिमा १० दोब्बरको हिसाबले लाभांश फिर्ता प्रभावकारी हुन सक्दछ भन्ने कुरा देखिएको छ ।

अध्ययन अनुसन्धानहरूका अनुसार बालबालिकाको आधारभूत विकास उनीहरूको 'सुनौलो हजार दिन' भित्र हुने गर्दछ । उनीहरूको भविष्यको उज्यालो बाटो त्यसैले निर्धारण गरेको हुन्छ । अन्यथा, बालबालिकाहरूको जीवन गरीबी, कुपोषण र जोखिममा बित्न सक्दछ । तसर्थ, बालबालिकामाथि गरिने लगानीहरू उनीहरूको प्रारम्भिक चरणमा केन्द्रित हुनसके हरेक बालबालिकाले आफ्नो विद्यालय पदार्पण खुशीका साथ गर्न सक्दछन् । यसले बालबालिकाको विद्यालय जीवनलाई दिगो बनाउन मद्धत गर्दछ ।

## ३. बालबालिकाको शिक्षा सर्वाङ्गिण राष्ट्रिय विकासको आधार हो ।

बालबालिकाको शिक्षा, सीप र विकासमा पर्याप्त तथा उत्पादनशील लगानी गर्न सकेमा त्यसले व्यक्ति, परिवार र समाज सबैलाई बृहत्तर हित प्रदान गर्नेछ । उदाहरणको लागि विद्यालय शिक्षा छोड्ने बाध्यताबाट बालिकाहरूलाई थप एक वर्ष मात्र जोगाउन सकियो भने पनि भविष्यमा ५ देखि १० प्रतिशतसम्म शिशु मृत्युदर घटाउन सकिन्छ । यससम्बन्धी भएका अध्ययनहरूले बालिका शिक्षाको कम्तिमा ६ वर्ष सम्मको निरन्तरताले शिशु स्याहार, शिशु बचावट र संरक्षणमा महत्वपूर्ण रूपान्तरण ल्याएको पुष्टि गरेका छन् । असल तथा गुणस्तरीय शिक्षा नै त्यो माध्यम हो, जसबाट मानिसको जीवनकालमा मात्रै होइन, पुस्तौं पुस्तासम्म जीवनको सुरक्षा प्रदान गर्न सकिन्छ । अध्ययनका प्रमाणहरूले बालबालिकाले निरन्तर शिक्षाको क्रममा, थप एक कक्षा चढ्न सकेको खण्डमा त्यसले व्यक्तिको आम्दानीमा कम्तिमा १० प्रतिशतले र देशको कूल गार्हस्थ उत्पादनमा १८ प्रतिशतले वृद्धि गर्नेछ भने विश्वमा थप १७ करोड जनसंख्याको गरिबी कम गर्न सक्नेछ ।

## ४. बालबालिका माथिको लगानीबाट अदृश्य लागत तथा ठूलो आर्थिक क्षतिलाई जोगाउन सकिन्छ ।

बालअधिकार हनन् अर्थात बाल विवाह, बालश्रमशोषण, बाल बेचबिखन, विद्यालय छोड्न बाध्य बनाइनु, बाल परित्यक्तता, बाल बिजाँई वा कानूनसँग बाभिएका बाल गतिविधिहरू, बाल विभेद तथा विभिन्न प्रकारका बाल हिंसाहरू गलत कुरा मात्र होइनन्, बरू राष्ट्रको निम्ति गम्भीर अदृश्य लागत तथा ठूलो आर्थिक भार वा क्षति पार्ने गतिविधिहरू हुन् । जसरी बाल अधिकारको संरक्षण र सम्वर्द्धनले राष्ट्रिय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ, त्यसरी नै सबै प्रकारका बाल हिंसा, शिशु तथा बाल मृत्यु, बाल कुपोषण, बाल अपाङ्गता तथा अन्य बाल विकासका अवरोधहरूले देशको दिगो विकास, समानता र आत्मनिर्भरताको अभियानमा नकारात्मक असर पार्दछ ।

### ५. प्रारम्भिक बाल्य अवस्थामा बालबालिकाको निम्ति लगानी भनेको दिगो विकास तथा लगानी फिर्ताको बलियो आधार पनि हो ।

यूनिसेफको अध्ययन अनुसार बालबालिकालाई नियमित लगाउने खोपमा गरेको हरेक एक डलरको लगानीले देशलाई भविष्यमा सोह्र डलरको आम्दानी फिर्ता दिन्छ । प्रारम्भिक बालापन बालबालिकाको निम्ति सुन्दर तर जोखिमपूर्ण अवस्था पनि हो । यहिबेला बालबालिकाको सबैभन्दा बढी मस्तिष्क विकास हुन्छ । प्रारम्भिक बाल अवस्थामा गरिएको लगानीले परिवार र देशलाई ६ देखि १७ गुणासम्म बढी उपलब्धि आर्जन हुन सक्दछ ।

### ६. बालबालिका राष्ट्रिय सुरक्षाका महत्वपूर्ण अंश हुन् ।

मानव सुरक्षा बिना कुनै पनि देशको राष्ट्रिय सुरक्षा सम्भव हुन सक्दैन । बालबालिकाको सम्पूर्ण सुरक्षाको प्रत्याभूतिले नै अन्ततः राष्ट्रिय सुरक्षाको जग बलियो बन्छ । कमजोर तथा अनुत्पादनशील युवा पुस्ताले देशको भार थाम्न गाह्रो हुन्छ । त्यसैले, राष्ट्रिय सुरक्षा भनेको बालबालिकाको सुरक्षा र हित पनि हो । आजैदेखि हामीले हाम्रा बालबालिकालाई हाम्रो राष्ट्रिय सुरक्षा, राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय गौरवको विषयमा शिक्षा, तालिम र अनुसन्धानमा लगाउन सक्यौं भने उनीहरू युवा र वयस्क हुँदाको अवस्थामा स-गौरव राष्ट्रको हित रक्षार्थ अघि बढ्न सक्ने हुनेछन् ।

### ७. बालबालिका र पर्यावरण संरक्षणको अन्योन्याश्रित सम्बन्ध छ ।

हाम्रा हिमालहरू दिनानुदिन पग्लिरहेका छन् । हाम्रा वन जंगलहरू नासिंदै गईरहेका छन् । हाम्रा पहाडहरूमा भूक्षय र पहिरोको प्रकोप बढ्दो छ । हाम्रो तराइ–मधेशमा मरूभूमिकरणको अवस्था बढ्दै छ । वास्तवमा यी सबै कुराहरू पर्यावरणीय विनाश

र जलवायू परिवर्तनको प्रभाव हुन् । के हामीले हाम्रा बालबालिकालाई प्राकृतिक रूपमा मनोरम, साँस्कृतिक रूपमा विकसित, आर्थिक रूपमा सबल र सामाजिक रूपमा सशक्तीकृत देश जिम्मा दिन सक्छौं ? हाम्रा बालबालिकाको निम्ति जोखिमपूर्ण देश होइन, बरू पर्यावरण मैत्री, सबल, सुन्दर, प्राकृतिक रूपमा मनोरम र दिगो विकासको निम्ति गतिशील देश जिम्मा लगाउन आजे देखि प्रयत्नशील हुनपर्दछ । त्यसको निम्ति हामीले हाम्रा बालबालिकालाई पर्यावरण संरक्षणको निम्ति शिक्षा, सीप र ज्ञान प्रदान गर्न उपयुक्त विधि र प्रकृया अपनाउनु पर्दछ ।

### ८. 'बालबालिका शान्तिक्षेत्र हुन् ।'

बालबालिका माथि हुने सबैखाले हिंसाले सम्पूर्ण समाजलाई नै प्रत्यक्ष नकारात्मक असर पार्दछ । यो सामाजिक हित र राष्ट्रिय विकासको निम्ति एक हानिकारक विषय पनि हो । बालबालिका देशका एक संवेदनशील समुदाय भएको कारण उनीहरूलाई सबै प्रकारको द्वन्द्व र हिंसाबाट जोगाउन सबै पक्षहरू प्रयत्नशील हुनुपर्दछ । समाजमा हुने गरिने जस्तोसुकै द्वन्द्व किन नहोस्, त्यसलाई संवाद वा वार्ताको माध्यमबाट शान्तिपूर्ण रूपान्तरणको प्रकृयामा अगाडि बढाउनु पर्दछ । शान्ति बिना समृद्धि र विकास सम्भव पनि छैन । त्यसैले, सबै वर्ग, तह र समुदायका मानिसहरूले, राज्य होस् वा गैर-राज्य पक्ष सबैले बालबालिकालाई शान्तिको पर्यायका रूपमा लिंदै बालबालिका शान्तिक्षेत्र हुन् भन्ने अवधारणालाई ब्यवहारमा अङ्गिकार गरी उनीहरूलाई राष्ट्रिय गौरवका आधार बनाइनु पर्दछ ।



## ९. बालबालिका भनेका स्थानीय, क्षेत्रीय र राष्ट्रिय विकासका आधार हुन् ।

विकासलाई दिगो बनाउन स्थानीयदेखि क्षेत्रीय एवं राष्ट्रियस्तरमा बालबालिकाका आधारभूत अधिकारलाई सुनिश्चित गर्ने किसिमका विकासका कार्यक्रमहरू अगाडि सार्नुपर्दछ । यसरी बालबालिकालाई केन्द्रबिन्दु बनाई कार्यान्वयन गरिएका विकासका कार्यक्रमहरूले सबै तहमा दिगो विकासको जग बसाल्दछ । 'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने विषयलाई एउटा नाराको विषय मात्र नबनाई त्यसलाई व्यवहारमा रूपान्तरण गर्न संघीय, प्रादेशिक र स्थानीय विकासको मूल आधार बनाएर अगाडि बढ्नु पर्दछ ।



### १०. बालबालिका 'समृद्ध नेपाल, सुखी नेपाली'को जग हुन् ।

वास्तवमा बालअधिकारको संरक्षण र सम्बर्द्धन भनेकै 'समृद्ध नेपाल, सुखी नेपाली'को बलियो जग हो । बालबालिकाको हक–हित र संरक्षणको विषयलाई पर सारेर कुनै पनि देश सफल, सबल र विकसित हुनै सक्दैन । जसरी भौतिक विकासका कुरालाई सरकारले प्राथमिकता प्रदान गरेको हुन्छ, त्यसैगरी नागरिकको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विषयलाई पनि पूर्वाधार विकासको आधार मान्न सक्नु पर्दछ ।

## 'बालबालिका राष्ट्रिय गौरव हुन्' लाई व्यवहारमा उतार्ने उपायहरू

'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्दा निम्नानुसारको कार्यनीति अवलम्बन गर्न सकिन्छः

१. 'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने अवधारणाको दृष्टिकोण र आधारहरू सहित बनेको आधार-पत्रमा छलफल र बहस गरी बालअधिकार र मानवअधिकारसम्बन्धी नागरिक समाजका सञ्जालहरू र बालबालिकाका सञ्जालहरूको राष्ट्रिय भेलाबाट सुझाव र सुधार सहित अनुमोदन गर्ने ।

२. सो आधार-पत्र नेपाल सरकार, संघीय व्यवस्थापिका संसदका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा सम्बन्धित संसदीय समितिहरू, मानव अधिकार आयोग लगायतका अन्य संबैधानिक आयोगहरूको ध्यान आकर्षण गर्न स्मृति पत्रको रूपमा हस्तान्तरण गर्ने ।

३. सो आधार-पत्र सबैजसो राजनैतिक दलहरूमा स्मृति पत्रको रूपमा हस्तान्तरण गरी त्यसको कार्यान्वयनमा सहयोग गर्न अपिल गर्ने ।

४. सो आधार-पत्रमा आधारित भएर 'बालबालिका राष्ट्रिय गौरव हुन्' अवधारणालाई स्थापित र परिचालन गर्न स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म गरिने बालबालिकासम्बन्धी कार्यक्रमहरूको अभिन्न अङ्ग बनाउने ।

५. विभिन्न तहको निर्वाचनमा बालअधिकार अभियानको महत्वपूर्ण अङ्ग बनाउने ।

६. तथ्यमा आधारित बालअधिकार अभियानको विगत ३५ वर्षको सहि र सक्षम मूल्याङ्कन तथा समीक्षा गरी आगामी दिशा निर्धारण गर्ने ।

७. नेपालमा बालबालिकासम्बन्धी आधारभूत तथ्याङ्क तयार गर्ने र सो को आधारमा बालबालिकासम्बन्धी कार्ययोजनाको प्राथमिकता निर्धारण गर्न सुझाव तथा सिफारिस तर्जुमा गर्ने ।

८. घर-परिवार, छिमेक, समुदाय, विद्यालय, समाज तथा सरकारमा बाल-मैत्री वातावरण निर्माण गर्ने र बाल-मैत्री सुशासनको अभियान निरन्तर सञ्चालन गर्ने । साथै, बालबालिकाका विचार तथा भावनालाई समाविष्ट गर्न बालबालिकाको सशक्तीकरण गरी बालसहभागितालाई प्रवर्द्धन गर्ने ।

९. विकासका सोच र व्यवहारलाई दिगो विकासको लक्ष्य अनुसार आर्थिक-सामाजिक विकास तथा पर्यावरणीय संतुलन कायम गरी बालबालिकाको हक-हित संरक्षण गर्न 'पाँच-पि' को अवधारणा अनुसार मानव/जनता (People), पृथ्वी (Planet), शान्ति (Peace), समृद्धि (Prosperity), र सहकार्य (Partnership)लाई आधार बनाएर अगाडि बढ्ने ।

१०. बालबालिका केन्द्रित राष्ट्रिय गुरूयोजनाहरू र कार्ययोजनाहरू बाहेक अन्य भौतिक तथा आर्थिक विकासका आयोजनाहरूको सोच, कार्यक्रम ढाँचा तथा कार्यान्वयन र अनुगमनका सबै चरणहरूमा बालबालिका तथा लैङ्गिक र सामाजिक समावेशिताको अवधारणालाई अवलम्बन र कार्यान्वयन गर्ने ।

## 'बालबालिका राष्ट्रिय गौरव हुन्' का सूचकहरू

बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने अवधारणालाई कार्यान्वयन गर्ने सन्दर्भमा सो को निम्ति निम्न लिखित कुराहरूलाई यसको मुख्य मुख्य सूचकाङ्कको रूपमा लिन सकिन्छः

१. सन् २०३० सम्ममा बालश्रम निर्मूलनसम्बन्धी राष्ट्रिय गुरुयोजनाका मुख्यमुख्य सूचकाङ्कहरू ।
२. सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने राष्ट्रिय कार्ययोजनाका मुख्य मुख्य सूचकाङ्कहरू ।
३. सन् २०३० सम्ममा शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मत्युदर, बाल पुड्कोपन तथा बाल कुपोषण घटाउने राष्ट्रिय कार्ययोजनाका मुख्य मुख्य सूचकाङ्कहरू ।
४. २०३० सम्ममा सबैको निम्ति शिक्षा अन्तरगत सम्पूर्ण बालबालिकाको निम्ति कम्तिमा १२ कक्षासम्म निःशुल्क तथा अनिवार्य शिक्षा हासिल गर्ने राष्ट्रिय कार्ययोजनाका मुख्य मुख्य सूचाङ्कहरू ।
५. नयाँ जन्मेका सम्पूर्ण बालबालिकाको जन्मदर्ता प्रमाण–पत्र हासिल गर्न बनाएको राष्ट्रिय कार्ययोजनाका मुख्य मुख्य सूचाकाङ्कहरू । १६ वर्ष पुगेपछि नागरिक प्रमाण–पत्रको सहज ढङ्गले प्राप्ति ।
६. १ देखि ५ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकालाई प्रारम्भिक बालशिक्षा र स्याहार प्रदान गर्न बनेका राष्ट्रिय कार्ययोजनाका मुख्य मुख्य सूचकाङ्कहरू ।
७. बाल बेचबिखन, हराएका वा बेपत्ता भएका बालबालिकाको संरक्षण र सम्बर्द्धन गर्न बनेका बाल हेल्पलाइन १०९८ तथा बालबालिका खोजतलास केन्द्र १०४ले तर्जुमा गरेका मुख्य मुख्य सूचकाङ्कहरू ।

८. सार्थक बाल सहभागिताको विकास र सम्वर्द्धनको निम्ति बालक्लबहरू वा बालसमूहहरूको विकास, संरक्षण र क्षमता अभिवृद्धिका निम्ति बनाएका मुख्य मुख्य सूचकाङ्कहरू ।

९. नेपालको संबिधानको धारा ३९ अन्तरगत तर्जुमा गरिएका बालबालिकाको मौलिक हकहरूलाई व्यवहारमा रूपान्तरण गर्न बन्नु पर्ने नीति, नियम र संयन्त्रहरूको निम्ति गरिने नीतिगत पैरवीहरूको मुख्य मुख्य सूचकाङ्कहरू । र,

१०. नेपालले हस्ताक्षर र अनुमोदन गरेका बालअधिकारसम्बन्धी सं.रा.सं.का महासन्धि, संविदा र मार्गनिर्देशनहरू साथै सं.रा.सं बालअधिकार समितिले गरेका सिफारिसहरू तथा राष्ट्रिय मानवअधिकार आयोग लगायत मानवअधिकारसम्बन्धी अन्य आयोगहरूले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धमा बनेका मुख्य मुख्य सूचकाङ्कहरू, इत्यादि ।

## 'बालबालिका राष्ट्रिय गौरव हुन्' अभियानमा सरोकारवालाहरूको भूमिका

'बालबालिका राष्ट्रिय गौरव हुन्' अवधारणालाई अगाडि बढाउनको निम्ति राज्य, निजी क्षेत्र (बजार) र नागरिक समाजको भूमिकाको निम्ति निम्नानुसारको सुझावहरू अगाडि सारिएको छ ।

### क) राज्यको भूमिकाः

राज्यको संबिधान, कानून र नीति निर्देशनानुसार बालअधिकार तथा बाल विकाससम्बन्धी नीति तथा कार्यक्रमहरू, कार्ययोजना र गुरूयोजनाहरू तर्जुमा गर्दा वा तिनलाई कार्यान्वयनको प्रकृयामा अगाडि बढाउँदा त्यसको प्रभावकारीता सुस्पष्ट हुन जरूरी छ । राज्य सरकारद्वारा कार्यक्रम तथा कार्ययोजनाहरू कार्यान्वयनको प्रकृयामा लैजाँदा त्यसको सहि र प्रभावकारी अनुगमन हुन पनि

अति जरूरी छ । राज्य र सरकारले हरेक वर्ष नीति तथा कार्यक्रमका आधारमा विभिन्न आर्थिक, भौतिक, सामाजिक–साँस्कृतिक तथा पर्यावरणीय विकासका कार्यक्रमहरू तर्जुमा गरेका हुन्छन् । वास्तवमा, हामीले बालअधिकारको संरक्षण र सम्वर्द्धनको बिषयमा राज्यले काम गर्दा बालबालिकासँग गाँसिएका प्रत्यक्ष कार्यक्रमहरूमा मात्र होइन, बरू आर्थिक तथा भौतिक विकासका आयोजनाहरूको नीति निर्माणदेखि कार्यान्वयनको तहसम्ममा त्यसले बालअधिकारको संरक्षण र सम्वर्द्धनमा के कस्तो भूमिका निर्वाह गर्न सकिन्छ भनेर सोच्न जरूरी छ ।





### ख) आर्थिक क्षेत्र वा (निजी) बजारको भूमिकाः

बजारका सबै पक्षहरूले खासगरी मुलुकका धनाढ्य व्यक्ति, परिवारहरू तथा कम्पनीहरूले देश, राष्ट्र र सामाजिक उत्तरदायित्व गम्भीरतापूर्वक वहन गर्न आवश्यक छ । आजका बालबालिका नै भोलिका सक्षम नागरिकहरू हुन् । देशमा सक्षम र गतिशील जनशक्ति निर्माण हुँदा देशका उद्योग, व्यापार, निर्माण लगायत कृषि, सिंचाई तथा बन पैदावरहरूमा आधारित पेशा तथा ब्यवसायहरू फस्टाउन सक्दछन् । सो को निम्ति नीजि तथा व्यवसायिक क्षेत्रहरूले पनि बालबालिकाको सर्वाङ्गिण विकासमा ध्यान पुऱ्याउन सक्दछन् । नाफा र फाइदाको निम्ति कसैले पनि बालबालिका र प्राकृतिक स्रोतहरूको दोहन गर्नु हुँदैन । त्यसैले, उद्योग ब्यवसायको तर्फबाट गरिने लगानीहरूपनि बालमैत्री तथा प्रकृतिमैत्री र सामाजिक रूपमा जिम्मेवारीपूर्ण हुनु जरूरी छ ।

### ग) नागरिक समाज वा गैर सरकारी सामाजिक क्षेत्रको भूमिकाः

बालअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा मानव अधिकार तथा नागरिक समाजको भूमिका सबल रहँदै आएको सन्दर्भमा बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने विषयमा पनि समुदाय, नागरिक समाज तथा सम्पूर्ण गैरसरकारी सामाजिक क्षेत्रको महत्वपूर्ण भूमिका रहन सक्तछ । नागरिक समाज तथा सम्पूर्ण गैरसरकारी सामाजिक क्षेत्रले यस अवधारणालाई देशका सबै वर्ग र क्षेत्रमा विस्तार गर्न गहकिलो भूमिका निर्वाह गर्नु पर्दछ ।

## 'बालबालिका राष्ट्रिय गौरव हुन्' अवधारणाको निरन्तरता

'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने विषय एक राष्ट्रिय विकासको सवाललाई जनपक्षीय, समुदायमा आधारित र बालमैत्री बनाउने अवधारणा र दृष्टिकोणसँग गाँसिएको विषय हो। यसले थप बजेट माग गर्दैन, बरू संघीय, प्रादेशिक तथा स्थानीय तहको विकास बजेटहरूलाई 'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने विषयसँग के कसरी जोडेर लैजान सकिन्छ भन्ने सोच, कार्यविधि र कार्यक्रमहरूलाई एकीकृत विकासको अवधारणाले अगाडि बढाउन जोड दिन्छ। यसले बालअधिकारको संरक्षण र सम्बर्द्धनको निम्ति बनेका हाम्रा सोच, व्यवहार र कार्यशैलीहरूलाई मार्ग निर्देशन गर्ने आधार प्रदान गर्दछ। विगतदेखी संचालन हुँदै आएका बालमैत्री सुशासन, खासगरी स्थानीय बालमैत्री सुशासनको अवधारणा र ब्यवस्थालाई संस्थागत गर्न अति आवश्यक छ।


लेखक तथा परिकल्पनाकारः

**गौरी प्रधान**

अभियान संयोजन तथा सचिवालयः

**सिविन-नेपाल ।**

सञ्जाल संयोजनः

**बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान ।**

साथमा **गैसस महासंघ एवं अभियानका अन्य सहयोगी बाल अधिकार सञ्जाल तथा सामाजिक संघसंस्थाहरूका राष्ट्रिय सञ्जालहरू**

# "बालबालिका राष्ट्रिय गौरव हुन्" अभियानमा ऐक्यवद्धता जनाउने बाल अधिकार तथा नागरिक समाजका सञ्जालहरू

NGO Federation of Nepal

बालबालिका शान्तिक्षेत्र - राष्ट्रिय अभियान

National Campaign for Education Nepal 2003

बाल गृह संजाल-नेपाल
Child Care Homes Network-Nepal

Consortium of Organizations Working for Child Clubs
कन्सोर्टियम-नेपाल

National Adolescent Girls Network
राष्ट्रिय किशोरी सञ्जाल

AATWIN

GIRLS NOT BRIDES NEPAL
The Nepalese Partnership to End Child Marriage

National Adolescent Boys' Network Nepal

National Coalition for Girls Rights Nepal 2019

Shanti Malika(Women for Peace)

NACG NEPAL
SAIEVAC

Education Watch Group

National Initiative for Child Survival
NICS

महिला सुरक्षा दबाब समूह नेपाल २०४९
Women Security Pressure Group Nepal

Social Protection Civil Society Network

#NET4GOOD Alliance

HRTMCC

MenEngage Alliance
working with men and boys for gender equality

N-CFLG Forum
• For the Children •

NCCAP